# अरुण गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड–६, संख्या–३, मितिः २०८०/०३/२९

## भाग–१

## अरुण गाउँपालिका, भोजपुर

गाउँ सभाबाट स्वीकृत मितिः २०८०/०३/२०

अरुण गाउँपालिका, भोजपुर

# अरुण गाउँपालिकाको शिक्षा ऐन, २०८०

**प्रस्तावनाः**

प्रत्येक नागरिकमा सदाचार, सहिष्णुता, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्टिय र विश्वव्यापी आवस्यकतामा आधारित प्रतिस्पर्धि जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (ज) को अधिकारलाई कार्यान्वयन गर्न सोही ऐनको दफा १०२ वमोजिम अरुण गाउँपालिकाको गाउँसभाको बाह्रौ अधिवेशनले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क) यस ऐनको नाम अरुण गाउँपालिकाको शिक्षा ऐन, २०८० रहेको छ ।

(ख) यो ऐन अरुण गाउँपालिकाभर लागू हुनेछ ।

(ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

अरुण गाउँपालिका, भोजपुर

**२ परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-**

(क) "ऐन" भन्नाले अरुण गाउँपालिकाको शिक्षा ऐन, २०८० लाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले अरुण गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले अरुण गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) "गाउँ सभा" भन्नाले अरुण गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(ङ) "अध्यक्ष" भन्नाले अरुण गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अरुण गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ) "शिक्षा समिति" भन्नाले अरुण गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

(ज) "शिक्षा युवा तथा खेलकूद शाखा" भन्नाले अरुण गाउँपालिकाको शिक्षा युवा तथा खेलकूद शाखा सम्झनु पर्छ ।

(झ) "आधारभूत तह उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

अरुण गाउँपालिका, भोजपुर

(ञ) “बाल विकास केन्द्र” भन्नाले तीन वर्ष उमेर पुरा भई पाँच वर्ष उमेर पुरा नगरेका बालबालिकाहरुको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, के.जी., मण्टेश्वरी आदि सम्झनुपर्छ।

(ट) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ठ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ड) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माद्यमिक दुवै शिक्षा सम्झनुपर्छ।

(ढ) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सिप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ण) “सामुदायिक विद्यालय” भन्नाले संघीय सरकार वा प्रदेश सरकार र गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(त) “व्यवस्थापन समिति” भन्नाले दफा २० बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

अरुण गाउँपालिका,भोजपुर

(थ) “शिक्षा अधिकृत” भन्नाले अरुण गाउँपालिकाको शिक्षा अधिकृत सम्झनुपर्छ।

(द) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि गुठी सम्झनुपर्छ ।

(ध) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(न) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनुपर्छ र सो शब्दले दफा २० को प्रयोजनका लागि विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीका हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(प) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशि मुलुकले कुनै सर्त तोकि वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटि इमिग्रेन्ट भिसा (डि.भि.),परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई स्थायी रुपमा विदेशमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

अरुण गाउँपालिका, भोजपुर

(फ) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ब) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(भ) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(म) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## ३. विद्यालय खोल्न अनुमति लिनुपर्नेः

(१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाइ तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले निवेदनसाथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ ।जाँचबुझ गर्दा विद्यालय खोल्न मनासिब देखिएमा आफ्नो राय सहितको

प्रतिवेदन गाउँ शिक्षा समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँ शिक्षा समितिको बैठकबाट अनुमति दिन सिफारिस गर्ने निर्णय भएमा तोकिएको अधिकारीले विद्यालय खोल्ने अनुमति दिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

अरुण गाउँपालिका, भोजपुर

(७) उपदफा (३), (४) वा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयहरुलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकति दिइने छैनः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तिम ५ जना र निजि गुठी भए कम्तिमा तीन जना सदस्य हुनुपर्ने,

अरुण गाउँपालिका, भोजपुर

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका सञ्चालक (ट्ष्टी) ले आफ्नै जीवनकालमा वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(९) कुनै सामाजिक, परोपकारी तथा कल्याणकारी संस्थाले मुनाफा नलिने गरी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(११) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्वन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।तर नेपाल सरकारसँग सम्झौता भएमा

अरुण गाउँपालिका, भोजपुर

त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्नेछ ।यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै बखत बन्द गर्न सक्नेछ ।

**४. विद्यालय सञ्चालनः** विद्यालयहरुको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**५. परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) आधारभूत तहको अन्तमा लिइने परीक्षा गाउँपालिका स्तरीय हुनेछ ।

(२) गाउँपालिकाले आवश्यक ठानेमा कक्षा १० र १२ बाहेक अन्य कक्षाको परीक्षासमेत गाउँपालिका स्तरमा लिन सक्ने व्यवस्था गर्न सक्नेछ ।

(३) गाउँपालिकाको विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) आधारभूत तथा माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु वा शिक्षकहरुमध्येबाट एक जना महिला सहित तीन जना -सदस्य

(ग) शिक्षा अधिकृत -सदस्य सचिव

(४) परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

अरुण गाउँपालिका, भोजपुर

**६.माद्यमिक शिक्षाको प्रकारः** माद्यमिक शिक्षा देहायको प्रकारको हुनेछः

(क) साधारण माद्यमिक शिक्षा ।

(ख) संस्कृत माद्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यवसायिक माद्यमिक शिक्षा ।

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८. शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनी देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(क) आधारभूत तहसम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैरनेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा

अरुण गाउँपालिका, भोजपुर

अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक सम्वन्धी व्यवस्थाः** (१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्छ ।

(२) गाउँपालिकाले तोकिए बमोजिम आधारभूत तह सम्म स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ।

**१०. गाउँ शिक्षा समितिको गठनः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछः-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यहरुमध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना -सदस्य

(ङ) गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समिति अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(च) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गरेको एक जना दलित सहित तीन जना -सदस्य

(छ) गाउँपालिका क्षेत्रभित्र रहेका संस्थागत तथा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गरेको दुई जना -सदस्य

(ज) स्थानीय शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधी -सदस्य

(झ)शिक्षा अधिकृत -सदस्य सचिव

अरुण गाउँपालिका, भोजपुर

(२) गाउँपालिकाको उपाध्यक्ष तथा वडा अध्यक्षलाई गाउँ शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ। मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ तर त्यसरी हटाउन वा बर्खास्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति स्वीकृति विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने,

(ग) विद्यालयलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने,



अरुण गाउँपालिका, भोजपुर

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी ,सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने ।

(च) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजक बनाउने।

(छ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ज) अभिभावक र शिक्षक विच विवाद भएमा त्यसको समाधान गर्ने ।

(झ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र शैक्षिक प्रगतिबारे मूल्याङ्कन गर्ने ।

(ञ) विद्यालयको सामाजिक परीक्षण गर्ने गराउने ।

(ट) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

अरुण गाउँपालिका, भोजपुर

(ठ) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ड)शैक्षिक गुठिसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(ढ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाहीका लागि सिफारिस गर्ने ।

(ण) सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकमध्येबाट मापदण्डको आधारमा विषय विशेषज्ञ छनौट गर्ने ।

(त) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**११. प्रमुख प्रशासकीय अधिकृतका काम,कर्तव्य र अधिकारः** यस ऐन तथा अन्यत्र लेखिएका काम कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतका काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना र कार्यक्रमको कार्यान्वयन एवम् अनुगमन गर्ने ।

(ख) गाउँ कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्वन्धी कार्य गर्ने ।

(ग) शैक्षिक समन्वय कर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

(घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्वन्धी कार्य गर्ने ।

(ङ) गाउँको उत्कृष्ट शैक्षिक उपलब्धिका लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धी रहे नरहेको निरन्तर अनुगमन गर्ने ।

(च) विद्यालयको लेखापरीक्षकको नियुक्ति गर्ने ।

(छ) विद्यालयको लेखा परीक्षणको व्यवस्था मिलाउने ।

(ज) शिक्षा सम्वन्धी कुनै प्रस्ताव गाउँ कार्यपालिकामा पेश गर्नुपर्ने भए सो गर्ने ।

**१२. शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकारः** गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न एक जना शिक्षा अधिकृत रहनेछ । निजको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) गाउँपालिकास्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने,

(ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासको लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरीवेक्षण गर्ने गराउने,

(घ) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासको लागि आवश्यक परामर्श प्रदान गर्ने,

(ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कनको सुपरीवेक्षण गर्ने,

(च) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने

(छ) नियुक्ति वा बढुवाका लागि आयोगबाट सिफारिस भइ आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा पदस्थापन गर्ने ।

(ज) शिक्षाको गुणस्तर बढाउनका लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिको

पदाधिकारीहरुको समय समयमा बैठक, गोष्ठी र तालिमको सञ्चालन गर्ने ।

(झ)विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने, गराउने ।

(ञ) गाउँपालिका अन्तर्गत विद्यालयहरुको निरीक्षण तथा सुपरिवेक्षण गर्ने ।

(ट) शिक्षा अधिकृतका अन्य काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**१३. वडा शिक्षा समिति गठनः** (१) वडा स्तरमा देहाय वमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछः

(क) सम्वन्धित वडाको वडाध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुमध्येबाट वडाध्यक्षले तोकेको दुई जना -सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना -सदस्य

(च)सम्वन्धित वडाका वडा सचिव -सदस्य सचिव

अरुण गाउँपालिका, भोजपुर

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने, गराउने ।

(ङ)अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने ।

(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ।

(ज) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ।

(झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमतिका लागि सिफारिस प्रदान गर्ने ।

(ञ) गाउँ शिक्षा समितिले तोके वमोजिम अन्य कार्य गर्ने ।

अरुण गाउँपालिका, भोजपुर

(ट) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

**१४.सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१५. अध्यापन अनुमतिपत्र लिनुपर्नेः** यो ऐन प्रारम्भ भए पछि कुनै पनि व्यक्तिले अध्यापन अनुमतिपत्र नलिइ अध्यापन गर्न पाउने छैन ।

**१६. अनुदानको व्यवस्थाः** गाउँपालिकाले तोकिएको मापदण्डको आधारमा सामुदायिक विद्यालयलाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१७. छात्रवृत्तिको व्यवस्थाः** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यालयलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्नेछ ।

**१८. प्रारम्भिक बाल सिकाइ केन्द्रलाई अनुदान दिन सक्नेः** गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिएबमोजिमको अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

**१९. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

अरुण गाउँपालिका, भोजपुर

**२०. विद्यालय व्यवस्थापन समितिः** (१)सामुदायिक विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) अभिभावकले आफू मध्ये छानि पठाएका दुई जना महिला सहित चार जना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य एकजना -सदस्य

(ग) विद्यालयका संस्थापक,स्थानीय बुद्धिजीवि, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो बराबरको नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिलासहित दई जना -सदस्य

(घ)सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरुमध्ये छानि पठाएको एक जना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन र तालिम गराइने माद्यमिक विद्यालयको विद्यालय व्यवस्थापन

अरुण गाउँपालिका, भोजपुर

समितिमा गाउँपालिका स्तरका उद्योग तथा बाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।सम्बन्धित शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख वा तोकिएको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।उपदफा (१)बमोजिमको समितिका मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानी कर्ताहरुबाट विद्यालयको सिफारिसमा शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख वा शिक्षा अधिकृतबाट मनोनित व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक महिलासहित दुई जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको एक जना-सदस्य

(घ) शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख वा निजले तोकेको व्यक्ति -सदस्य

(ङ)सम्बन्धित विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(५) उपदफा १, ३ र ४ बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(६) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनका लागि प्राप्त स्रोत र साधनको परिचालन गर्ने।

(ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने ,राख्न लगाउने र सुरक्षा गर्ने।

(ग) विद्यालयको शैक्षिक,भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराइ राख्ने ।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समितिलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) शिक्षा विकास तथा समन्वय इकाइ तथा गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(छ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने,

(ज) गाउँ शिक्षा समिति र शिक्षा, युवा तथा खेलकूद शाखाले दिएको आदेश तथा निर्देशनको पालना गर्ने,

(झ) विद्यालय आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ञ) लेखा परीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कार्वाही गर्ने र त्यसको प्रतिवेदन

गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखामा पेश गर्ने,

(ट) गाउँपालिका कार्यालयले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने ।

(७) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने ।

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

(ङ) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा राष्टिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को स्वीकृति लिने ।

अरुण गाउँपालिका,भोजपुर

(च) शिक्षक सेवा आयोगबाट अध्यापन अनुमति पत्र लिइ प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेद्वार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने ।

(छ) नेपाल सरकारले तोकेको न्यूनतम् तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने ।

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने ।

(झ) शिक्षा ऐन, नियमावली, निर्देशिका तथा निर्देशनहरुको पालना गर्ने ।

(ञ) शिक्षक तथा कर्मचारीहरुको व्यक्तिगत विवरण सम्बन्धित निकायमा बुझाउने ।

(८) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयहरुको सञ्चालन,रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) विद्यालय व्यवस्थापन समितिको अन्य काम,कर्तव्य,अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२१. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः-**

(१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाइ गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न

सक्नेछ। तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थाई विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(३) यो ऐन जारी हुनु भन्दा अगाडि गठन भएका विद्यालय व्यवस्थापन समिति यसै ऐन बमोजिम गठन भएको मानिनेछ ।

**२२. गाउँ शिक्षा कोषः** (१) गाउँपालिकामा एक गाउँ शिक्षा कोष हुनेछ,जसमा देहायका रकम रहनेछन्-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट विद्यालयको बार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

अरुण गाउँपालिका, भोजपुर

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोष संचालक समितिको गठन,बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. विद्यालय कोषः-** (१) प्रत्येक विद्यालयमा एक विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाबाट प्राप्त अनुदान ,

(ख) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण र सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२४. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न,नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** गाउँ कार्यपालिकाले गाउँ शिक्षा समतिको सिफारिसमा सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभि एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

**२५. विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त रकम सम्बन्धित गाउँ शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोहि विद्यालयको नाममा रहनेछ ।कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा संचालन गरिरहेकोमा त्यस्ता विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**२६. विद्यालयलाई छुट र सुविधा.** (१) प्रचलित कानुनमा जुन सुकै कुरा लेखिएको भए तापनि सामदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२७. अनुमति वा स्वीकृति रद्ध गर्ने** : कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्ध गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

**२८. विद्यालयको वर्गीकरण विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।**

**२९. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्नेः** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन



अरुण गाउँपालिका, भोजपुर

गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३०. शुल्कसम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफनो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा निःशुल्क शिक्षा घोषणा गर्न आवश्यक व्यवस्था गरिनेछ ।

अरुण गाउँपालिका, भोजपुर

(५) दृष्टीविहिन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमका शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चीस हजार रूपैयासम्म जरिवाना गर्न सक्नेछ ।

**३१. नेपाल शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) सामुदायिक विद्यालयका



अरुण गाउँपालिका, भोजपुर

शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न गाउँपालिकामा एक नेपाल शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ-

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएपनि शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु अघि आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ । स्पष्टिकरण : यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति" भन्नाले

अरुण गाउँपालिका, भोजपुर

राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

**३२. स्थायी आवासीय अनुमति लिन नहुनेः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमतिपत्र लिएको वा त्यस्तो अनुमतिका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

**३३. शैक्षिक योग्यताः** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३४. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः** गाउँ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३५. शिक्षकलाई अन्य काममा लगाउन नहुने** (१) सामुदायिक विद्यालयका शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

अरुण गाउँपालिका, भोजपुर

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा संघ, प्रदेश र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३६. अदालतको आदेशबाट पुनःबहाली हुन सक्ने** (१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मिति सम्मको पूरा तलव, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३७. शिक्षकको नियुक्ति र सरुवा सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको समितिको सदस्य -अध्यक्ष

(ख) गाउँपालिकाको शिक्षा अधिकृत वा शिक्षा, यूवा तथा खेलकुद शाखाको प्रतिनिधि -सदस्य

(ग) सूचिकृत विषय विषेशज्ञहरुमध्ये गाउँ शिक्षा समिति अध्यक्षले तोकेको विषय विशेषज्ञ एक जना -सदस्य

(घ) सूचिकृत विषय विषशेषज्ञहरुमध्ये शिक्षा अधिकृतले तोकेको विषय विशेषज्ञ एक जना -सदस्य

(ङ) प्रधानाध्यापक -सदस्य सचिव

(२) शिक्षक छनौट समितिको सचिवालय गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखामा र कर्मचारी र वालकक्षा शिक्षकको हकमा सम्बन्धित विद्यालय वा वडा शिक्षा समितिको कार्यालयमा रहनेछ ।

(३) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) रिक्त हुने शिक्षक दरबन्दी पूर्ति गर्नका लागि गाउँ शिक्षा समितिले शैक्षिक सत्र सुरु हुनु भन्दा एक महिना अगावै आवश्यक शिक्षक संख्या प्रकृया अनुसार एकमुष्ट शिक्षक छनौट गरी शिक्षक रोष्टर तयार गर्न सक्नेछ ।

(५) उपदफा ४ बमोजिम छनौट भएको विषय विशेषज्ञहरुलाई गाउँपालिकाले शैक्षिक गुणस्तरमा सुधार ल्याउन शिक्षा अधिकृत वा शिक्षा, यूवा तथा खेलकुद शाखाको कर्मचारीको नेतृत्वमा विभिन्न विद्यालयहरुको विषयगत सुपरिवेक्षणमा सहभागी गराउन सक्नेछ ।

(६) शिक्षक तथा कर्मचारीको सरुवा सम्बन्धी व्यवस्था तथा करारमा शिक्षक नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिएवमोजिम हुनेछ ।

**३८. दरबन्दी मिलान** सामुदायिक विद्यालयको शिक्षक कर्मचारीको दरबन्दी मिलान सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्नेः** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्ता भएका महिला, दलित वा आदिवासी/जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ

(३) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

**४०. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** दफा (३६) को उपदफा (१) मा उल्लेखित अवस्थामा वा



अरुण गाउँपालिका, भोजपुर

नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**४१. कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा संघ, प्रदेश र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४२. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुव्यवहार गर्न नहुनेः** कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४३. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालनः** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा

विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४४. प्रगति विवरण बुझाउनुपर्ने** सामुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

**४५. दण्ड सजायः** (१) विद्यालय शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धी व्यवस्था संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

(२) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

(३) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारपूर्ण काम गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिइ अमर्यादित कार्य गरेमा,

अरुण गाउँपालिका, भोजपुर

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान,उपहार वा अन्य कुनै रकम लिएमा,

(ज) अनुमति नलिइ कुनै शैक्षिक कार्यक्रम ,शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(४) उपदफा (१), (२) र (३) बमोजिम कुसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने कर्मचारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

(५) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू, गाउँपालिका, गाउँ शिक्षा समितिले दिएको निर्देशनको उल्लंघन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

(क) सचेत गराउने, नसिहत दिने,

(ख) कसुरको मात्रा हेरी एक हजार देखि पच्चीस हजार रूपयाँ सम्म जरिवाना गर्ने,

(ग) विद्यालयलाई गाउँपालिकाले उपलब्ध गराउने सेवा वा सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(घ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्ध गर्ने ।

**४६. सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात र दायरीः** (१) दफा ४५ को उपदफा (२) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको तहकिकात तोकिएको अधिकारीले गर्नेछ ।

(२) दफा ४५ को उपदफा (२) र (३) बमोजिमको मुद्दा नेपाल सरकारवादी हुनेछ ।

**४७. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**४८. नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**४९. निर्देशिका तथा कार्यविधि बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।



अरुण गाउँपालिका, भोजपुर

**५०. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५१. संशोधन गर्ने अधिकारः** यो ऐनको संशोधन गर्ने अधिकार गाउँ सभामा निहित रहनेछ ।

**५२. बचाउ र लागू नहुनेः** (१) अरुण शिक्षा कार्यविधि, २०७५ खारेज गरिएको छ । यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यो ऐनमा भएको व्यवस्था नेपाल सरकारको संघीय कानुन र प्रदेश सरकारको कानुनसँग बाझिएको हदसम्म बदर हुनेछ ।

प्रमाणिकरण मितिः २०८०/०३/२४

**आज्ञाले**

**सूर्यबहादुर भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**

अरुण गाउँपालिका, भोजपुर